# स्थानीय राजपत्र

## मायादेवी गाउँपालिका, रुपन्देहीद्वारा प्रकाशित

खण्डः ९ संख्याः ०१ मितिः २०८२/०१/१५


### भाग - २
### स्थानीय सरकार
### मायादेवी गाउँपालिका, रुपन्देहीको सूचना

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम मायादेवी गाउँपालिकाको, गाउँ कार्यपालिकाले बनाएको तल उल्लेख भए बमोजिमको " **जलश्रोत, खानेपानी तथा सरसफाइ उपभोक्ता समिति व्यवस्थापन कार्यविधि, २०८२**" सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# जलश्रोत, खानेपानी तथा सरसफाइ उपभोक्ता समिति व्यवस्थापन कार्यविधि, २०८२

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०८२।०१।१२

**प्रस्तावनाः**

मायादेवी गाउँपालिकाको क्षेत्राधिकार भित्र रहेका जलश्रोतका मूल (मुहान) को पहिचान, संरक्षण, व्यवस्थापन तथा स्वच्छ पिउने पानी र घरेलु उपयोगको लागि पानीको पहुँच गाँउवासीमा पुऱ्याउने उद्देश्यले जलश्रोत तथा खानेपानी उपभोक्ता समितिको स्थापना, दर्ता तथा सञ्चालन गर्ने सम्बन्धी व्यवस्था गर्न वाञ्छनीय भएकाले, प्रशासकीय कार्यविधिलाई नियमित गर्ने ऐन, २०७५ को दफा (४) ले दिएको अधिकार बमोजिम मायादेवी गाउँपालिका, गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(क) यो कार्यविधिको नाम **"जलश्रोत, खानेपानी तथा सरसफाइ उपभोक्ता समिति व्यवस्थापन कार्यविधि, २०८२"** रहेको छ ।

(ख) यो कार्यविधि मायादेवी गाउँपालिका भित्र स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) **"उपभोक्त"** भन्नाले यो कार्यविधि बमोजिम दर्ता भई स्थापना भएका जलश्रोत, खानेपानी तथा सरसफाइ उपभोक्ता समितिका सदस्यलाई जनाउँदछ ।

(ख) **"कार्यपालिका"** भन्नाले मायादेवी गाउँपालिकाको गाउँ कार्यपालिकालाई जनाउँदछ ।

(ग) **"खानेपानी"** भन्नाले स्वच्छ पिउने पानी र सो शब्दले घरेलु रूपमा प्रयोग गर्ने पानीलाई समेत जनाउँदछ ।

(घ) **"खानेपानीको व्यवस्थापन"** भन्नाले जलश्रोतका मूल (मुहान) को पहिचान, संरक्षण, उपयोग तथा सरसफाइ समेतलाई जनाउँदछ ।

(ङ) **"जलश्रोत"** भन्नाले मायादेवी गाउँपालिकाको क्षेत्राधिकार भित्र रहेका खोला, नाला, कुवा, ताल, पोखरी जस्ता पानीका प्राकृतिक श्रोत, मूल

(मुहान)लाई सम्झनु पर्दछ र सो शब्दले खानेपानी व्यवस्थापनका लागि उत्खनन् गरिएको भूमिगत पानीको श्रोत समेतलाई जनाउँदछ ।

(च) **"तोकिएको" वा "तोकिए बमोजि"** भन्नाले यस कार्यविधि अन्तर्गत बनेको विनियम, निर्देशिकामा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

(छ) **"गाउँपालिका"** भन्नाले मायादेवी गाउँपालिका, कार्यपालिकाको कार्यालयलाई सम्झनुपर्दछ र सो शब्दले वडा समितिको कार्यालय समेतलाई जनाउँदछ।

(ज) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले मायादेवी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(झ) **"समिति"** भन्नाले यो कार्यविधि बमोजिम दर्ता भई स्थापना भएका जलश्रोत, खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको विधान बमोजिम गठन भएको समितिलाई सम्झनुपर्छ ।

## ३. <u>उपभोक्ता समिति दर्ता गर्नु पर्नेः</u>

गाउँपालिकामा सामुदायिक रूपमा खानेपानी र अन्य घरेलु उपयोगको लागि जलश्रोतको प्रयोग गर्नको निमित्त यस कार्यविधि बमोजिम समिति दर्ता गरेर मात्र सञ्चालन गर्नुपर्नेछ। यस कार्यविधि बमोजिम दर्ता नगरी समिति स्थापना गर्न हुँदैन।

## ४. <u>खानेपानीको मूल दर्ता गर्नुपर्नेः</u>

गाउँपालिकाको क्षेत्राधिकार भित्र खानेपानीको मूल (मुहान) बाट सङ्कलन गरी खानेपानी व्यवस्थापन गर्नुपर्ने अवस्थामा सो खानेपानीको मूल सहितको आधिकारिक समिति दर्ता गर्नुपर्नेछ। त्यसरी दर्ता भएको समितिले खानेपानी व्यवस्थापन गरी सर्वसाधारणलाई सार्वजनिक रूपमा उपयोग गर्नको लागि पानीको मूल दर्ताको लागि गाउँपालिका समक्ष निवेदन दिनुपर्नेछ। त्यस्तो निवेदन दर्ता भएमा निम्न बमोजिमका पाँच सदस्यीय गाउँपालिका स्तरीय समिति खानेपानीको मूल दर्ता गर्न मिल्ने नमिल्ने सम्बन्धमा आवश्यकता

अनुसार स्थलगत अध्ययन गरी दर्ता गर्न मिल्ने देखिएमा खानेपानीको मूलको दर्ता सहितको समिति दर्ता गर्ने अनुमति दिन सक्नेछ।

(क) गाउँपालिका अध्यक्ष -संयोजक
(ख) गाउँपालिका उपाध्यक्ष -सदस्य
(ग) सम्बन्धित वडाको वडा अध्यक्ष -सदस्य
(घ) प्रमुख प्रशासकीय अधिकृत -सदस्य
(ङ) सम्बन्धित शाखाको शाखा प्रमुख -सदस्य

## ५. <u>समिति दर्ताः</u>

(१) समिति दर्ता गर्न चाहने कुनै सात जना वा सो भन्दा बढीमा पदेन सदस्य बाहेक एघार जना व्यक्तिहरूले वडा समितिको कार्यालयमा खानेपानीको मूल दर्ता सिफारिसको लागि निवेदन दिनुपर्नेछ ।

(२) वडा समितिको कार्यालयले स्थलगत अध्ययन गरी सिफारिस दिएमा देहायको विवरण खुलाई समितिको विधानको तीन प्रति र तोकिएको दस्तुर सहित गाउँपालिका कार्यालय समक्ष अनुसूची-१ को ढाँचामा निवेदन दिनु पर्नेछ ।

(क) समितिको नाम
(ख) संस्थाको विधान
(ग) समितिका सदस्यहरूको नाम, ठेगाना, पेसा र नागरिकताको प्रतिलिपि
(घ) कार्यालयको ठेगाना

(३) उपदफा (२) बमोजिमको निवेदन प्राप्त भएपछि दफा ४ को गाउँपालिका स्तरीय समितिको निर्णयअनुसार प्रमुख प्रशासकीय अधिकृतले समिति दर्ता गरी प्रमाण-पत्र दिनेछ र यसरी प्रमाण-पत्र दिँदा समिति कार्यकाल बढीमा ४ वर्ष हुने गरी दिनु पर्नेछ ।

(४) यस कार्यविधिको दफा (४) बमोजिमको गाउँपालिका स्तरीय समितिले दर्ता नगर्ने निर्णय गरेमा त्यसको सूचना निवेदकलाई दिनुपर्नेछ र

निवेदकले सूचना प्राप्त गरेको मितिले ३५ (पैंतिस) दिनभित्र त्यस्तो निर्णय उपर कार्यपालिका समक्ष उजुर गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिमको उजुर प्राप्त भएपछि कार्यपालिकाले आवश्यक जाँचबुझ गरी त्यस्तो समिति दर्ता गर्ने वा नगर्ने गरी निर्णय गर्नेछ र समितिको सम्बन्धमा भएको सो निर्णय अन्तिम हुनेछ।।

(६) यस दफा अन्तर्गत दिइने प्रमाण-पत्रको ढाँचा अनुसूचि-२ बमोजिम हुनेछ। नवीकरण दस्तुर तोकिए बमोजिम हुनेछ ।

(७) दर्ता भएका समितिले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र नवीकरण गर्नुपर्नेछ। दर्ता दस्तुर रु. २०००।- (दुई हजार), नवीकरण दस्तुर वार्षिक रु. १०००।- (एक हजार) तिर्नु पर्नेछ। समितिले समयमा नवीकरण नगरेमा जरिवाना दस्तुर प्रति महिना रु. २००।- (दुई सय रुपैयाँ) थप लाग्नेछ ।

## ६. <u>समिति सङ्गठित मानिनेः</u>

(१) यस कार्यविधि अन्तर्गत दर्ता भएको समिति अविच्छिन्न उत्तराधिकारवाला, स्वशासित र सङ्गठित समिति हुनेछ । सो समितिको सबै कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(२) समितिले कानुनी व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न सक्नेछ र सो उपर पनि सोही नामबाट नालिस उजुर लाग्नेछ ।

## ७. <u>संस्थाको सम्पत्तिः</u>

(१) समितिको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले समितिको विधान विरुद्ध संस्थाको कुनै सम्पत्ति दुरुपयोग गरेमा, कब्जा गरेमा वा रोक्का राखेमा गाउँपालिकाले त्यस्तो सम्पत्ति दुरुपयोग गर्ने, कब्जा वा रोक्का राख्नेबाट लिई समितिलाई फिर्ता बुझाइदिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको समितिको सम्पत्ति फिर्ता गर्ने गरी गाउँपालिकाले गरेको कारवाहीमा चित्त नबुझ्ने व्यक्तिले सम्बन्धित जिल्ला अदालतमा उजुर गर्न सक्नेछ ।

(३) समितिको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले समितिको कुनै सम्पत्ति वा लिखत वा प्रतिष्ठा विरुद्ध कुनै अपराध वा विराम गरेमा समिति वा समितिको कुनै सदस्य उपर प्रचलित कानुन बमोजिम गाउँपालिकाले कारबाही चलाउन सक्नेछ ।

## ८. समिति सूचीकृत हुनुपर्ने:

(१) यो कार्यविधि प्रारम्भ हुनु भन्दा अघि तत्काल प्रचलित कानुन बमोजिम दर्ता भई वा नभई स्थापना भइरहेका समितिले पनि यो कार्यविधि प्रारम्भ भएको मितिले ६ (छ) महिनाभित्र यो कार्यविधि बमोजिम सूचीकृत गरी दर्ता गराउनु पर्नेछ । सूचीकृत दर्ता हुनको लागि गत आ.व. सम्मको लेखा परीक्षण प्रतिवेदन र साधारण सभाको निर्णय अनिवार्य रूपमा पेश गर्नुपर्नेछ ।

## ९. समितिको सदस्यता शुल्क सम्बन्धी व्यवस्था:

(१) समितिको सदस्यता शुल्क समितिको विधानमा उल्लेख भएको अवस्थामा सोही बमोजिम हुनेछ । समितिको विधानमा उल्लेख नभएको अवस्थामा समितिको साधारण सभाले अनुमोदन गरे बमोजिम हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि त्यस्तो सदस्यता शुल्क कार्यपालिकाले स्वीकृत गरेको वा तोकेको अधिकतम शुल्क भन्दा बढी हुने गरी तोक्न पाइने छैन ।

## १०. समितिको उद्देश्यहरूमा हेरफेर:

(१) समितिको उद्देश्यहरूमा हेरफेर गर्न आवश्यक देखेमा वा सो समितिलाई कुनै अर्को समितिमा गाभ्न उचित देखेमा सो समितिले तत् सम्बन्धी प्रस्ताव तयार पारी सो प्रस्ताव उपर छलफल गर्न समितिको विधान बमोजिम साधारण सभा बोलाउनु पर्नेछ ।

(२) साधारण सभामा उपस्थित भएका जम्मा सदस्य सङ्ख्याको दुई तिहाइ सदस्यहरूले प्रस्तावमा समर्थन जनाएमा सो प्रस्ताव साधारण सभाबाट पारित भएको मानिनेछ ।

तर, सो प्रस्ताव लागु गर्न गाउँपालिकाको पूर्व स्वीकृत लिनु पर्नेछ ।

**११. समितिको वर्गीकरणः**

दर्ता अनुमति प्राप्त गरी गाउँपालिकाको क्षेत्र भित्र सञ्चालनमा रहेका जलश्रोत, खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको व्यवस्थापनबाट खानेपानी उपलब्ध गराउने उपभोक्ता सदस्य सङ्ख्याको आधारमा निम्न अनुसार उपभोक्ता समितिको वर्गीकरण हुनेछ ।

१) १००१ जना वा सो भन्दा बढी उपभोक्ता सदस्य भएको (क वर्ग)

२) ५०१ देखि १००० जना उपभोक्ता सदस्य भएको (ख वर्ग)

३) ५०० जना सम्म उपभोक्ता सदस्य भएको (ग वर्ग)

**१२. तदर्थ समिति गठन गर्न सकिनेः**

यस अघि दर्ता स्वीकृति प्राप्त गरी सञ्चालनमा रहेका र नयाँ अनुमति प्राप्त गरी स्थापना हुने समितिहरूले तोकिए बमोजिम ६ महिनाभित्र साधारण सभा गरी उपभोक्ता समिति गठन प्रक्रिया पुरा नगरेमा त्यस्ता तदर्थ समिति वा अवधि पुरा भएका उपभोक्ता समितिहरूलाई विघटन गरी सञ्चालन नियमित गर्न गाउँपालिकाको तर्फबाट सम्बन्धित उपभोक्ता सदस्यहरू मध्येबाट तदर्थ समिति गठन गरी साधारण सभा समेतका आवश्यक प्रक्रिया काम कारबाही गरी गराई व्यवस्थापन गर्न सकिनेछ र त्यसरी तदर्थ समिति गठन गर्दा एक तिहाइ महिला रहने गरी एघार सदस्य तदर्थ समिति गठन गरिनेछ ।

**१३. सङ्घ गठन गर्न सकिनेः**

दर्ता स्वीकृति प्राप्त गरी गाउँपालिका क्षेत्र भित्र सञ्चालनमा रहेका खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरू मध्येबाट एक उपभोक्ता समितिलाई एक सदस्य मानी गाउँपालिका स्तरीय जलश्रोत, खानेपानी तथा सरसफाइ उपभोक्ता

सङ्घ गठन गरी सोही सङ्घको प्रत्यक्ष रेखदेख, सहयोग र मातहतमा अन्य सम्पूर्ण समितिहरूलाई व्यवस्थित रूपमा सञ्चालन गरिनेछ ।

**१४. <u>हिसाबको विवरण पठाउनु पर्नेः</u>**

समितिले आफ्नो समितिको हिसाबको विवरण लेखा परीक्षकको प्रतिवेदन सहित प्रत्येक वर्ष गाउँपालिकामा पठाउनु पर्नेछ।

**१५. <u>हिसाब जाँच गर्नेः</u>**

(१) प्रमुख प्रशासकीय अधिकृतले आवश्यक देखेमा समितिको हिसाब आफूले नियुक्ति गरेको कुनै अधिकृतद्वारा जाँच गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम हिसाब जाँच गराए बापत गाउँपालिकाले हिसाब जाँचबाट देखिन आएको समितिको मौज्दात रकमको सय कडा तीन प्रतिशतमा नबढाई आफूले निर्धारण गरेको दस्तुर असुल गरी लिन सक्ने छ ।

(३) हिसाब जाँच गर्ने अधिकृतले मागेको विवरण तथा कागजातहरू वा सोधेको प्रश्नको जवाफ दिनु समितिको पदाधिकारी, सदस्य र कर्मचारीको कर्तव्य हुनेछ ।

(४) हिसाब जाँच गर्ने अधिकृतले गाउँपालिकाले तोकिदिएको म्याद भित्र हिसाब जाँचको प्रतिवेदन गाउँपालिका समक्ष पेस गर्नु पर्नेछ र सो प्रतिवेदनको आधारमा समितिको कुनै सम्पत्ति सो संस्थाको कुनै पदाधिकारी, सदस्य वा कर्मचारीले हिनामिना गरेको, नोक्सान गरेको वा दुरुपयोग गरेको छ भन्ने गाउँपालिकालाई लागेमा निजले त्यस्तो पदाधिकारी, सदस्य वा कर्मचारीबाट सो हानी नोक्सानी असुल गर्न प्रचलित कानुन बमोजिम कारबाही चलाउन सक्नेछ ।

तर, प्रचलित कानुनले सजाय समेत हुने अपराध भएकोमा प्रचलित कानुन बमोजिम मुद्दा चलाउन सक्नेछ ।

**१६. <u>निर्देशन दिनेः</u>**

गाउँपालिकाले समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित समितिको कर्तव्य हुनेछ ।

**१७. <u>दण्ड सजायः</u>**

(१) दफा (४) बमोजिम दर्ता नगराई समिति स्थापना गरेमा वा दफा (५) बमोजिम दर्ता नगरी समिति सञ्चालन गरेमा त्यस्ता समितिका सदस्यहरूलाई गाउँपालिकाले जनही पाँच हजार रुपैयाँ सम्म जरिवाना गर्न सक्नेछ ।

(२) दफा (१४) बमोजिम हिसाबको विवरण नपठाएमा प्रबन्ध समितिका सदस्यहरूलाई गाउँपालिकाले जनही एक हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

तर, कुनै सदस्यले दफा (१४) उल्लङ्घन हुन नदिन सकभर प्रयत्न गरेको थियो भन्ने सन्तोष हुने प्रमाण पेश गर्न सकेमा निजलाई सजाय गरिने छैन ।

(३) दफा (१५) को उपदफा (१) बमोजिम हिसाब जाँच गर्ने सम्बन्धित अधिकृतले मागेको विवरण तथा कागजपत्र वा सोधेको प्रश्नको जवाफ नदिने सम्बन्धित पदाधिकारी, सदस्य वा कर्मचारीलाई गाउँपालिकाले पाँच हजार रुपैंया सम्म जनही जरिवाना गर्न सक्नेछ ।

(४) दफा (१०) बमोजिम गाउँपालिकाले स्वीकृति नलिई समितिको उद्देश्यमा हेरफेर गरेमा वा अर्को समितिसँग गाभेमा वा समितिले आफ्नो उद्देश्यको प्रतिकूल हुने गरी काम कारबाही गरेमा वा गाउँपालिकाले दिएको निर्देशन पालना नगरेमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो समितिको दर्ता निलम्बन गर्न वा खारेज गर्न सक्नेछ।

**१८. <u>पुनरावेदनः</u>**

दफा (१७) को उपदफा (४) बमोजिम प्रमुख प्रशासकीय अधिकृतले गरेको अन्तिम निर्णय उपर उपर पैंतिस दिन भित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन लाग्ने छ ।

**१९. <u>समितिको विघटन वा त्यस्को परिणामः</u>**

(१) समितिको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकी वा अन्य कुनै कारणवश समिति विघटन भएमा त्यस्तो समितिको सम्पूर्ण जायजेथा गाउँपालिकामा सर्नेछ ।

(२) उपदफा (१) बमोजिम विघटन भएको समितिको दायित्वको हकमा सो समितिको जायजेथाले भ्याए सम्म त्यस्तो दायित्व गाउँपालिकाले व्यहोर्ने छ ।

(३) उपदफा (१) बमोजिम विघटन भएको समितिको दायित्व समितिको जायजेथाले नभ्याएमा नपुग दायित्व समितिका पदाधिकारीको जायजेथाबाट प्रचलित कानुनबमोजिम असुल उपर गरिनेछ ।

**२०. <u>नियम बनाउने अधिकारः</u>**

यस कार्यविधिको उद्देश्य कार्यान्वयन गर्न गाउँपालिकाले विनियम बनाउन सक्नेछ ।

**२१. <u>विघटन तथा सञ्चालनः</u>**

समितिले आफ्नो विधान अनुसारको तोकिएको समयावधि भित्रमा नयाँ कार्यसमिति चयन हुन नसकेमा उक्त कार्यसमितिको स्वतः विघटन भएको मानी अर्को कार्यसमिति चयन नभए सम्म गाउँपालिकाले तोकेको तदर्थ समितिबाट समिति सञ्चालन गर्नेछ ।

**२२. <u>खारेजी र बचाउः</u>**

यो कार्यविधि लागु हुनु पूर्व जलस्रोत ऐन २०४९ अन्तर्गत दर्ता भएका समिति यसै कार्यविधि बमोजिम दर्ता भए सरह मानिनेछ, तर त्यस्तो समितिले

यस कार्यविधि बमोजिम गाउँपालिकाले दिएको म्याद भित्र गाउँपालिकामा सूचीकृत हुनु पर्नेछ ।

**अनुसूची-१**

(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

**निवेदन पत्रको ढाँचा**

**श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,**
मायादेवी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
बरेवा, रुपन्देही।

**विषयः उपभोक्ता संस्था दर्ता सम्बन्धमा ।**

महोदय,

हामीले .......................................................................... गठन गरी दर्ता गराउन चाहेकोले जलश्रोत, खानेपानी तथा सरसफाइ उपभोक्ता समिति व्यवस्थापन कार्यविधि, २०८२ को दफा (५) को उपदफा (१) बमोजिम उपभोक्ता संस्था दर्ता गराउन देहायको विवरण खुलाई प्रस्तावित उपभोक्ता संस्थाको तीन प्रति विधान र दर्ता दस्तुर (दुई हजार रुपैयाँ) सहित दरखास्त दिएका छौं ।

**विवरणः**

१. उपभोक्ता संस्थाको नामः

२. कार्यक्षेत्रः

३. उद्देश्यहरूः

(क)

(ख)

(ग)

४. नाम, ठेगाना पेशा र ना.प्र.प.नं.

(क)

(ख)

(ग)

(घ)

(ङ)

(च)

(छ)

५. उपयोग गरिने जलस्रोतको विवरणः

(क) जलस्रोतका नाम र रहेको ठाउँः

(ख) जलस्रोतबाट गरिने प्रयोगः

(ग) उपभोक्ता संस्थाले उपयोग गर्न चाहेको जलस्रोतको परिमाणः

(घ) उक्त जलस्रोतको हाल भइरहेको उपयोगः

६. उपभोक्ता संस्थाले पुर्‍याउन चाहेको सेवा सम्बन्धी विवरणः

(क) सेवाको किसिमः

(ख) सेवा पुऱ्याउने क्षेत्रः

(ग) सेवाबाट लाभान्वित हुने उपभोक्ताहरूको संख्याः

(घ) भविष्यमा सेवा विस्तार गर्न सकिने सम्भावनाः

७. आर्थिक स्रोतको विवरणः

८. कार्यालयको ठेगानाः

**<u>निवेदक</u>**

<u>समितिको छाप</u>

उपभोक्ता संस्थाको तर्फबाट दरखास्त दिनेको

सहीः

नामः

पदः

ठेगानाः

मितिः

सम्पर्क नं.:

**अनुसूची-२**

(दफा ५ को उपदफा ५ सँग सम्बन्धित)

**<u>उपभोक्ता संस्था दर्ता प्रमाण-पत्र</u>**

**मायादेवी गाउँपालिका**

## गाउँ कार्यपालिकाको कार्यालय

बरेवा, रुपन्देही

दर्ता मितिः ..................

दर्ता नं.: ....................

श्री (सम्बन्धित उपभोक्ता संस्थाको नाम),

........................................................

........................................................

रुपन्देही जिल्ला, मायादेवी गाउँपालिका, वडा नं. ........................... अन्तर्गत श्री ............................................................................... लाई खानेपानी तथा सरसफाइ उपभोक्ता समिति व्यवस्थापन कार्यविधि, २०८२ को दफा (५) को उपदफा (३) बमोजिम ............ साल ............. महिना ........ गतेमा यस कार्यालयमा दर्ता गरी यो दर्ता प्रमाणपत्र प्रदान गरिएको छ। जलश्रोत, खानेपानी तथा सरसफाइ उपभोक्ता समिति व्यवस्थापन कार्यविधि, २०८२ बमोजिम आफ्नो कार्य सञ्चालन गर्नु होला ।

सही :

नाम, थर :

पद :

## नवीकरण विवरण

| क्र. सं. | नवीकरण भएको मिति | नवीकरण मान्य रहने अवधि | नवीकरण दस्तुर, भौचर नं./मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

आज्ञाले

**लेखनाथ पोखरेल**

प्रमुख प्रशासकीय अधिकृत